# रैथाने बालीमा आधारित दिवा खाजा कार्यक्रम कार्यबिधि-२०८१

प्रस्तावना

रैथाने बालीको महत्व र परिकार बारे बिद्यार्थीलाइ जानकारी गराउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि लुङ्ग्री गाँउपालिका गाउँकार्यपालिकाको बैठकले यो कार्यविधि स्वीकृत गरि जारी गरेको छ ।

## परिच्छेद -१

१. संक्षिप्तमा नाम र प्रारम्भ

(क) संक्षिप्त नाम- यस कार्यविधिको नाम **रैथाने बालीमा आधारित दिवा खाजा कार्यक्रम कार्यविधि-२०८१** रहेको छ ।

(ख) प्रारम्भ — यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात लागु हुनेछ ।

## परिच्छेद-२

२. परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) “गाउँपालिका” भन्नाले लुङ्ग्री गाउँपालिका, रोल्पालाई सम्झनु पर्छ ।

(ख) "विद्यालय" भन्नाले लुङ्ग्री गाउँपालिका, रोल्पामा रहेका सामुदायिक विद्यालयहरु सम्झनु पर्छ ।

## परिच्छेद -३

३. दिवा खाजाको मापदण्ड र गुणस्तर

खाना खाजा भोक हटाउन मात्र नभइ पोषक तत्व प्राप्त गर्न पनि हुन्छ। कार्यक्रमले राखेको " रैथाने बाली तथा कृषि जैविक बिबिधता संरक्षण एवं दिगो उपयोगको लागि स्थानिय तहमा संस्थागत बिकास गर्ने" उदेश्य हासिल गर्ने र बिद्यार्थीहरुलाई रैथाने बालीको महत्व र परिकार बारे जानाकारी गराउन निम्न मापदण्ड र गुणस्तरका सूचकहरु समाबेश गरिने छ।

क. खाजाका परिकार स्थानीय स्तरमा उत्पादन हुने रैथाने बाली (कोदो, फापर, उवा, जौ, चिनो कागुनो साथै ठाउ बिशेष उत्पादन हुने स्थानिय जातहरु) बाट तयारी गरिनु पर्दछ।

ख. दिवा खाजाको गुणस्तर र वितरण "सामुदायीक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६" खण्ड २ को २.४ बमोजिम हुनेछ। खाजा तयार कर्ताको मापदण्ड भने लागु हुने छैन। बिद्यालय आफैले व्यवस्था गर्नु पर्ने हुन्छ।

ग. खाजा कार्यक्रम बिद्यालय शैक्षिक सत्र सुरु भएको दिन देखि असारको बर्षे बिदा अगाडिका बिद्यालय सञ्चालन हुने दिन सम्म लागु हुनेछ। (अधिकतममा ४० दिन सम्म मात्र )

घ. एक जना बिद्यार्थी बराबर प्रतिदिन विद्यालय सञ्चालन भएको दिनका लागि रु २०/- का दरले भूक्तानी उपलब्ध हुनेछ।

परिच्छेद-४

४. छनौट प्रक्रिया

(क) छनौट प्रक्रियाः कार्यक्रम सञ्चालनको लागि विद्यालयहरुको छनोट लुङ्ग्री गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकले सर्बसहमतिमा गर्ने छ।

परिच्छेद -५

५. विद्यालयले पेश गर्नु पर्ने

क. कार्यक्रम संचालनको लागि निबेदन।
ख. कक्षा ६-१० सम्म विद्यार्थीको संख्या तालिकामा।
ग. बर्षे बिदा अगाडी सम्म बिद्यालय दिनको संख्या।

परिच्छेद -६

६. अनुगमन र मुल्यांकन

क. लुङ्ग्री गाँउपालिका कृषि शाखा र शिक्षा शाखाको उपस्थितिमा कार्यक्रम संचालनको अवस्थामा अनुगमन हुने छ अनुगमनका क्रममा खाजाको परिकार र गुणस्तरको अवस्थाको बारेमा समय समयमा अनुगमन गरिनेछ।

## परिच्छेद -७

७. भुक्तानीका आधारहरु

क. दिवा खाजा कार्यक्रमको भुक्तानी कार्यक्रम पश्चात हुने छ। अधिकतम ४० दिन सम्मको विद्यार्थी संख्या, हाजिरी र खाजा उपभोगका दिनको उपस्थिति हाजिरी कपिको प्रधानाध्यापकवाट प्रमाणित प्रतिलिपि र अनुसूची २ बमोजिम भरेर बिल सहित पेश गर्नु पर्नेछ।

## अनुसूची १:विद्यालय तहबाट पेस गर्नु पर्ने निबेदन तथा सम्झौता।

श्रीमान कार्यालय प्रमुख ज्यू, मिति ; २०८१/ /
गाउँ कार्यपालिकाको कार्यलय,
लुङ्ग्री गाउपालिका, रोल्पा

बिषय; रैथाने बालीमा आधारित दिवा खाजा कार्यक्रममा सहभागी हुने सम्बन्धमा ।

महोदय,

रैथाने बाली प्रबर्धन कार्यक्रम अन्तर्गत रैथाने बालीमा आधारित दिवा खाजा कार्यक्रमको लागि हाम्रो बिद्यालय यस शैक्षिक सत्र २०८१/८२ को असारे बिदा अगाडी सम्मको लागि लागु गर्न त्यहाँ कार्यालयबाट माग गरिएको बिद्यालयको विवरण भरि यो निबेदन पेश गर्दछौ।

यस बिद्यालयमा अध्यनरत छात्र ........ छात्रा........ जम्मा......... विद्यार्थीको लागि कार्यक्रमको विवरण बमोजिम रकम उपलब्ध गरिदिनु अनुरोध गर्दछौ।

रैथाने बालिमा आधारित खाजा कार्यक्रमको मापदण्ड पालना गरि यस कार्यक्रममा सक्रिय सहभागी हुने कुरामा बिस्वास दिलाउछौ। कुनै कुरामा फरकपरे हामी जवाफदेही हुनेछौं।

विद्यालयको नामः

विद्यालयको ठेगानाः

प्रधानाध्यापक नाम थर :

हस्ताक्षरः

मिति

विद्यालयको छापः

तालिका१: कक्षागत बिद्यार्थी संख्या

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |

तालिका२: असारे बिदा अगाडी सम्मका बिद्यालय दिन

| महिना | बिद्यालय संचालन रहेको दिन |
|---|---|
| बैशाख | |
| जेठ | |
| असार | |

# अनुसूची २

## प्रगति विवरण तथा खाजा कार्यक्रम रकम निकासा फारम

विद्यालयको नामः

स्थानिय तहः वार्ड न.

कार्यक्रम अवधिभर बिद्यालय संचालित दिनः

खाजा उपभोग भएका जम्मा दिनः

| विवरण | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| जम्मा भर्ना | | | |
| जम्मा उपस्थिति दिन | | | |
| खाजा उपभोग भएका दिनमा जम्मा उपस्थिति | | | |